# आर्थिक बर्ष २०८१/०८२ को
# नीति, कार्यक्रम तथा बजेट

जयपृथ्वी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चैनपुर बझाङ

सुदूरपश्चिम प्रदेश, नेपाल

# सम्बोधन

नगर सभाका अध्यक्ष ज्यू

नगर सभाका सदस्य ज्यूहरु

दातृ निकाय,

कर्मचारी बर्ग,

संचारकर्मी

जयपृथ्वी नगरपालिकाको उप-प्रमुख एंव बजेट तथा कार्यक्रम तर्जूमा समितिको संयोजकको हैसियतले यस सम्मानित नगर सभामा आगामी आर्थिक बर्ष २०८१/०८२ को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।

सर्वप्रथम नेपालको युगान्तकारी अग्रगामी परिवर्तनको लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न ऐतिहासिक जनआन्दोलन र सवै खाले आन्दोलन तथा संघर्षका क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । वेपत्ता तथा घाइते परिवार प्रति सम्मान व्यक्त गर्दै राष्ट्रियता, लोकतन्त्र गणतन्त्र र जनजीविकाको आन्दोलनमा नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान प्रकट गर्दछु, साथै उहाँहरुले पुऱ्याउनु भएको योगदानको पून: स्मरण गर्न चाहन्छु । स्थानीय सरकार निर्माण देखि हाल सम्म स्थानीय सरकारलाई अपेक्षित रुपमा सहयोग गर्नुहुने राजनीतिक दल, पत्रकार, शिक्षक, वुद्धिजीवी, सामाजिक अगुवा, आम जन-समुदायलाइ धन्यवाद दिदै आगामी दिनमा पनि यस नगरपालिकाले गर्ने हरेक कार्यमा यस्तै सहयोग सुझाव र सक्रिय भुमिकाको अपेक्षा गर्दछु ।

नगरपालिकाको जनप्रतिनिधि सहितको स्थानीय सरकार संचालन भएको आज ७ वर्ष पुरा गरी आठौं वर्षमा प्रवेश गरेका छौ । आगामी आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गरी कार्यान्वयनको चरणमा छौं । यसले समाज र समुदायका विभिन्न आवश्यकतालाइ सम्वोधनको सन्दर्भमा सरकार संचालनको एक वर्षको आयोजना र कार्यक्रमको रुपरेखा घोषणा गर्ने कुरा जुनसुकै सरकारका लागि पनि महत्पूर्ण अर्थ राख्ने भएकाले आगामी वर्षको रणनीति तयार अनुमानित आय र प्रस्तावित खर्चको ढाँचा निर्माणले जयपृथ्वी नगरपालिकाको मार्गदर्शन गर्न मद्धत हुने विश्वास लिएको छु ।

२०७२ सालमा जारी भएको नेपालको संविधानले निर्दिष्ट गरेको नागरिक हक अधिकारको रक्षा गरी आर्थिक विकासको माध्यमवाट स्थानीय तहको सरकारलाई सवल र समृद्ध बनाउन अल्पकालिन, मध्यकालिन र दीर्घकालिन सोच र लक्ष्यकासाथ स्थानीय सरकार क्रियाशील छ । सम्पूर्ण महिला, दलित, जनजाती, अपांग, आदिवासी, यौनिक अल्पसंख्यक लगायत पिछडिएको वर्गको सहभागितालाइ विकासको मूल प्रवाहमा समावेश गराउन स्थानीय सरकार क्रियाशील छ । लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध रहदै स्थानीय सरकारलाइ सशक्त र सवल वनाउने बाटोमा अग्रसर रहेको जानकारी गराउँन चाहन्छु ।

खण्ड -१

१.१ परिचय र समिक्षा

**सभा अध्यक्ष महोदय,**

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१ बैशाख २५ गतेको निर्णय अनुसार साविकका ५ वटा गा.वि.स.हरु चैनपुर, रिठापाटा, सुवेडा, हेमन्तवाडा, लुयाँटा गा.वि.स र २०७३ साल फाल्गुण २७ गते कैलाश गाविस थप भइ जयपृथ्वी नगरपालिकाको गठन गरिएको हो । यस भूमिमा जन्मिएका मानतावादी राजा जयपृथ्वी बहादुर सिंहले पुऱ्याउनु भएको योगदानलाई सम्मान गर्दै उहाँको नामबाट यस नगरपालिकाको नामाकरण गरिएको हो । जम्मा १६६.७९ वर्ग कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको जनघनत्व १३२.४७ प्रति वर्ग कि.मी रहेको छ ।राष्ट्रिय जनगणना २०७८ अनुसार महिला ११४९० र पुरुष १०४४३ गरी जम्मा २१९३३ जनसंख्या रहेको छ ।

**१.२ <u>चालु आर्थिक बर्षको नीति तथा कार्यक्रमको समिक्षाः</u>**

**अध्यक्ष महोदय,**

चालु आर्थिक बर्ष २०८०।०८१ मा राजश्व बाँडफाड तर्फ संघ र प्रदेशबाट रु ९ करोड ६० लाख ७१ हजार स्वीकृत भएकोमा जेष्ठ मसान्त सम्म रु ६ करोड ४० लाख ४५ हजार ९ सय ५० प्राप्त भइ ५ करोड ९६ लाख ४ हजार खर्च भएको छ । शशर्त तर्फ संघ र प्रदेशबाट रु २८ करोड ४५ लाख स्वीकृत भएकोमा जेष्ठ मसान्त सम्म रु २९ करोड १ लाख ३२ हजार प्राप्त भइ रु.२० करोड २१ लाख ३२ हजार खर्च भई ७० प्रतिशत प्रगति भएको छ । समानिकरण अनुदान तर्फ संघ र प्रदेशबाट रु १३ करोड २६ लाख ९३ हजार स्वीकृत भएकोमा जेठ मसान्त सम्म रु ९ करोड ८३ लाख ३९ हजार प्राप्त भइ रु ६ करोड ८९ लाख ५ हजार खर्च भई ७१ प्रतिशत प्रगति भएको छ ।बिशेष अनुदान संघ तर्फ रु २ करोड ३५ लाख स्वीकृत गरिएकोमा जेठ मसान्त सम्म रु २ करोड ३५ लाख प्राप्त भइ रु ६ लाख ३ हजार ३ सय ८७ खर्च भई २.५६ प्रतिशत प्रगति भएको छ । बिशेष अनुदान प्रदेश तर्फ रु ७५ लाख स्वीकृत भएकोमा ७५ लाख प्राप्त भइ १९ लाख ७५ हजार खर्च भई २६.३३ प्रतिशत प्रगति भएको छ । त्यसै गरी सम्पुरक अनुदान संघबाट रु ५० लाख स्वीकृत भएकोमा रु ५० लाख प्राप्त भइ रु २० लाख ३९ हजार ५ सय २४ खर्च भई ४१ प्रतिशत प्रगति भएको छ । सम्पुरक अनुदान प्रदेशबाट रु ७७ लाख विनियोजन भएकोमा रु ७७ लाख प्राप्त भई ४० लाख खर्च भइ ५२ प्रतिशत प्रगति भएको छ । आन्तरिक श्रोत तर्फ रु ३ करोड ३६ लाख १८ हजार स्वीकृत भएकोमा २ करोड ९२ लाख प्राप्त भई रु २ करोड ८३ लाख २६ हजार खर्च भएको छ । आन्तरिक राजश्व रु १करोड ६ लाख ९० हजार प्रस्तावित गरिएकोमा जेठ ५ गते सम्म रु ७६ लाख १९ हजार ६ सय २४ संकलन भइ ७१.२७ प्रतिशत लक्ष्य हासिल भएको छ । यसै गरी सामाजिक सुरक्षा तर्फ चौथो त्रैमासिक सम्म रु १० करोड २१ लाख ६८ हजार ४ सय १ EFT मार्फत लाभ ग्राहीको खातामा भुक्तानि भइसकेको छ ।

**सभा अध्यक्ष महोदय,**

आर्थिक बर्ष ०८०।०८१ मा लिईएका नीति तथा कार्यक्रम अनुरुप केहि नीतिहरु कार्यान्वयन भइ सकेका छन भने केहि नीतिहरु कार्यान्वयनको क्रममा रहेका छन ।

**क) आर्थिक विकास तर्फ**

**कृषि तर्फ :-**

१. सुन्तला पकेट विकास कार्यक्रम अन्तर्गत ३ वटा पकेट सँग सम्झौता भइ विरुवा वितरणको कार्य अन्तिम चरणमा रहेको ।

२. कृषकहरुलाइ १३३.५ मेट्रिकटन रासायनिक मल, १२ मेट्रिकटन गहुँको बिउ र ७ मेट्रिकटन धानको उन्नत बिउ अनुदानमा वितरण गरिएको ।
३. कृषकहरुलाई ८३० वटा ओखरका बिरुवा वितरण गरिएको ।
४. साना सिंचाइ सहयोग तथा मर्मत कार्यकम अन्तर्गत २६ वटा योजना छनौट भइ कार्यान्वयनको अन्तिम चरणमा रहेको ।
५. नगदे वाली विकास कार्यक्रममा ११५० प्याकेट च्याउको विउँ अनुदानमा वितरण गरिएको ।
६. मागमा आधारित कार्यक्रम अन्तर्गत तरकारी बिउँ, प्लाष्टिक टनेल ८४ थान अनुदानमा वितरण गरिएको ।
७. रैथाने वाली प्रवद्धन गर्न कृषकहरुलाई ६ वटा इभेन्टमा तालिम संचालन गरी सम्पन्न भएको । ।
८. ३४५ जना कृषकलाई आवश्यकता अनुसार गहुँ तथा तरकारी वालीमा देखिएको रोग तथा किराको नियन्त्रका लागि विषादी वितरण र २ वटा ओखर बगैचा काटछाट तथा बोर्डेपिष्ट कार्य सम्पन्न गरिएको ।
९. कृषि यन्त्रिकरणलाई सार्वजनिक सूचना आह्वान गरी ठेक्का प्रकृया मार्फत आपुर्तिकर्ता छनौट गरी ५० प्रतिशत अनुदानमा १२ वटा हाते टयाक्टर वितरण कार्य सम्पन्न गरिएको ।
१०. हेपर इन्टरनेश्नल संस्थाको साझेदारीमा गरिवि निवारण गर्ने कार्य संचालन गरिएको छ ।

**पशु सेवा तर्फ :-**

१. कृतिम गर्भाधान मिसन कार्यक्रम संचालन गरी २१० गाइ भैसिमा कृतिम गर्भाधान गरिएको छ ।
२. पशुपंक्षी तथ्यांक तथा पशु सेवा कार्यक्रम संचालनमा रहेको ।
३. पशुपंक्षी रोग अन्वेषण नमुना संकलन तथा प्रेषण कार्यक्रम संचालनमा रहेको ।
४. १५० पशुहरुमा खोरेत भ्याक्सिनेसन गरिएको छ।
५. छाडा तथा घरपालुवा गरी जम्मा ९८ कुकुरमा रेविज भ्याक्सिन लगाइएको छ ।
६. पोषण सुधारको लागि सुनौला हजार दिनका महिलालाई प्रति महिला ५ का दरले ३२ जना महिलालाई ८ हप्ते कुखुराका चल्ला वितरण गरिएको छ ।
७. मासिक रुपमा इपिडिमियोलोजिकल रिपोर्ट पशु सेवा विभागमा पठाईएको छ ।
८. पशु स्वास्थ्य सेवा संचालन गरी नगरपालिका भरीका ३३१५ पशु बस्तुमा उपचार गरिएको छ ।

**लघुउद्यम कार्यक्रम तर्फ**

१. २१ जना उद्यमीलाई तरकारी खेती सम्बन्धी पलाष्टिक फुल टनेल वितरण गरिएको छ ।

२. गरिवसँग विशेश्वर कार्यक्रमबाट वडा नं. ४ मा ७ दिने अचार वनाउने तालिम संचालन गरी २० जना महिलाहरुलाई समावेश गरिएको ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

१. आर्थिक बर्ष २०८०/०८१ मा ब्यक्तिहरुको प्राथमिकिकरण सुचिमा सुचिकृत भएका विभिन्न वडाका ७९ जना बेरोजगार व्यक्तिहरुलाई न्यूनतम १०० दिनको रोजगारी श्रममूलक आयोजना सृजना गरी सामाजिक सुरक्षाको प्रत्याभूति गरिएको छ ।
२. श्रममुलक आयोजनामा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न बेरोजगार व्यक्तिहरुको खातामा ७२ हजारको दरले पारिश्रमिक बैंक खाता मार्फत वितरण गरिएको छ ।
३. आर्थिक बर्ष २०८१/०८२ का लागि न्यूतम रोजगारीमा संलग्न हुन चाहने वेरोजगार व्यक्तिहरुको आवेदन संकलन गरी EMIS मा प्रविष्ट गरिएको छ।
४. रोजगार रणनीति २०८१-२०८६ निर्माण गरी पालिका भित्रको रोजगारी वृद्धिको खाका तयारीको चरणमा रहेको छ ।

## ख) सामाजिक विकास तर्फ

**शिक्षा** :-

१. शिक्षाको गुणस्तर सुधारको लागि शिक्षक तालिम सञ्चालन गरिएको।
२. विद्यालय तहको लेखा परिक्षण व्यवस्थापन गर्न कार्यविधि निर्माण गरी कार्यान्वयनमा रहेको।
३. भुकम्पबाट क्षतविक्षत भएका विद्यालयहरूमा अस्थायी सिकाइ केन्द्र मार्फत शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भइ रहेका।
४. विद्यार्थीहरूको शैक्षिक सुधारको लागि अभिभावक शिक्षा सञ्चालन गरी बालबालिकाको सिकाइ अभिवृद्धि गर्ने प्रयास गरिएको।
५. शिक्षा प्रविधिमैत्री वातावरण कायम गर्न ८ वटा विद्यालयहरुमा सूचना प्रविधि प्रयोगशाला स्थापना गरी ४० जना शिक्षकहरूलाई आधारभूत कम्प्युटर सम्बन्धी तालिम सञ्चालन गरिएको
६. आधारभूत तह कक्षा १-८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन भइ रहेको।
७. विद्यालयगत विद्यार्थी मूल्याङ्कनको अर्धवार्षिक तथा वार्षिक परीक्षा समीक्षा गरिएको।
८. दिवा खाजा व्यवस्थापनको लागि पालिकाबाट विद्यालय सम्म खाजा ढुवानी गर्ने गरेको
९. विद्यालयको अनुगमन गरी सुझाव दिने कार्य गरिएको।
१०. विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको।
११. नगर स्तरीय राष्ट्रपति रनिङशिल्ड तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गरिएको छ
१२. विद्यालयमा ICT ल्याव व्यवस्थापन र विज्ञान प्रयोगशालाको स्थापना गरी सञ्चालनमा रहेको
१३. विद्यार्थीको कोभिड-१९ को क्षति आपुरण गर्न शिक्षक तालिम सञ्चालन गरी विद्यार्थीको परीक्षा लिइ कमजोर विद्यार्थीको लागि अतिरिक्त कक्षा सञ्चालन गरिएको।
१४. आर्थिक रूपले विपन्न जेहेन्दार विद्यार्थी छनौटको लागि सूचना प्रकाशन गरी एम.बि.बि.एस. छात्रवृत्तिको लागि आवश्यक कार्य गरिएको।
१५. विभिन्न गैरसरकारी संघ सस्थाहरूसँगको समन्वय तथा सहकार्यमा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग सम्बन्धी तालिम सञ्चालान गरी विद्यार्थी सिकाइ प्रभावकारी तुल्याउन प्रयास गरिएको
१६. विद्यालयमा अध्ययनरत छात्राहरूको सेनेटरी प्याड व्यवस्थापनको लागि आवश्यक कार्य गरिएको।
१७. विभिन्न आठ वटा विद्यालयमा बालमैत्री खानेपानी धारा निर्माण गरिएको।
१८. विद्यार्थीहरूको दिवाखाजासँगै स्वच्छ तरकारी खुवाउनको लागि स्थानीय कृषकहरूको तरकारी खपत गर्ने वातावरण कायम गरिएको।
१९. दिवा खाजा व्यवस्थापन गर्न स्थानीय दाल खरिद गरी विद्यालयमा पठाउन सुरू गरिएको।
२०. शैक्षिक सुधारको लागि जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको संयुक्त बैठक आयोजना गरी अन्तरक्रिया या सञ्चालन गरिएको।
२१. शैक्षिक तथ्याङ्क व्यवस्थापन गर्न सम्पूर्ण विद्यालयमा कार्यरत शिक्षकहरूलाई IEMIS अपलोड सम्बन्धि तालिम सञ्चालन गरिएको।

**स्वास्थ्य**

१. पूर्णखोप सुनिश्चितताका सवै प्रक्रिया पुरा गरी पूर्ण खोप वडा तथा नगरपालिका घोषणा गरिएको छ।
२. खोप कार्यक्रमलाई थप व्यवस्थित बनाउदै निरन्तरता दिइएको ।
३. क्षयरोग मुक्त नगरपालिका बनाउन स्क्रिनिङ्क शिविर, चेकजाँच, खकार संकलन तथा परिक्षण गरिएको । र परिक्षण गर्दा भेटिएका बिरामीलाई औषधी उपचार, नियमित अनुगमन तथा पोषणको लागि खाद्य वितरण गरिएको छ।
४. प्रजनन उमेरका महिलाहरुमा पाठेघरको मुखको क्यान्सरको चेकजाँच शिविर संचालन गरिएको छ ।
५. पोषण कार्यक्रम अन्तर्गत समुदायमा बालबालिकाको बृद्धि अनुगमन तथा कुपोषित बालबालिकाहरुको खोजपड्ताल र उपचारमा ल्याइएको छ।
६. परिवारनियोजन सम्बन्धी शिविर संचालन गरिएको ।
७. जेष्ठ नागरिक/ तथा अपाङ्गता भएका ब्यक्तिहरुको घरदैलो मा गई स्वास्थ्य परिक्षण गरी उपचार गरिएको छ।
८. गर्भवती महिलाहरुका लागि वडा वडामा गई अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरिएको छ।

९. विद्यालय स्तरिय किशोर किशोरी शिक्षा संचालन गरिएको छ।
१०. पि.एन.सि. होम भिजिट कार्य संचालन गरिएको छ ।
११. कोभिड विरुद्धको खोप अभियान संचालन गरिएको छ।
१२. मृगौला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर र मेरुदण्ड जस्ता पक्षघातका बिरामीहरुलाई मासिक पाँच हजारका दरले त्रैमासिक रुपमा उपलब्ध गराउने गरिएको ।
१३. घरमा प्रसुति नहुन दिन गर्भवतिहरुलाई स्याहार, परामर्श तथा सम्मान कार्यक्रम संचालन गरिएको छ।
१४. स्वास्थ्यकर्मीहरुको क्षमता विकास तालिम संचालन गरिएको छ ।

<u>महिला बालवालिका तथा जेष्ठनागरिक तर्फ</u>

१. आर्थिक वर्ष २०८०।०८१ मा अपाङ्ग परिचय पत्र तर्फ ६ जना **'क' वर्ग** ८ जना **'ख' वर्ग** ७ जना **'ग' वर्ग** र ४ जना **'घ' वर्ग** गरी जम्मा २१ जनालाई अपाङ्ग परिचय पत्र वितरण गरिएको छ ।
२. महिला हिंसा, छाउपडी प्रथा तथा बालबिवाह न्यूनिकरण सम्बन्धी कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरिएको छ ।
३. निर्वाचित महिला जनप्रतिनिधिहरुलाइ भुमिका तथा नेतृत्व विकास तालिम सञ्चालन गरिएको छ ।
४. महिला, दलित, एकल, अपाङ्ग तथा हिंसा प्रभावित आर्थिक सशक्तिकरण कार्यक्रम, सीप मूलक तालिम र वस्तुगत टेवा कार्यक्रम सञ्चालन गरिएको छ ।
५. अन्तराष्ट्रिय महिला दिवश र १६ दिने लैंगिक हिंसा बिरुद्धको दिवश सञ्चालन गरिएको छ ।
६. नगरस्तरीय बालसञ्जाल गठन र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

<u>सामाजिक सुरक्षा तथा पन्जिकरण तर्फ</u>

१. नगरपालिकाबाट ११ वटै वडाका सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको चौथो त्रैमासिक अबधि सम्मको सामाजिक सुरक्षा भत्ता रकम EFT (विधुतिय माध्ययम) मार्फत सम्वन्धित लाभग्राहीहरुको खातामा भुक्तानी गरिएको छ ।
२. ब्यक्तिगत घटना दर्ता सम्वन्धी सचेतना मुलक कार्यक्रम सन्चालन गरी समुदायमा जनचेतना अभिवृद्धि गरिएको । सवै वडाहरुले अनलाइन घटना दर्ता लागु गरि सकेका छन।

<u>न्यायिक कार्य सम्पादन</u>

१. हालसम्म २४ वटा विवाद दर्ता भइ २२ वटा विवादको निरुपण गरिएको र दुइ वटा विवाद निरुपणको प्रक्रियामा रहेको छ ।
२. सवै वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गर्ने कार्य सम्पन्न भइ सकेको छ ।
३. मेलमिलापकर्तालाइ सक्रिय बनाइ मेलमिलापको माध्यमबाट बिवादको प्रभावकारी निरुपण गर्ने गरिएको छ ।
४. न्यायिक समिति सम्बन्धी अन्तर स्थानीय तह अध्ययन अवलोकन अन्तर्गत धनगढी उप-महानगरपालिकाको न्यायिक समितिको स्थलगत अध्ययन गरी असल अभ्यास अवलम्बन गरिएको छ ।
५. न्यायिक समितिको क्षेत्राअधिकार र कार्यसम्पादन सम्बन्धी वुकलेट निर्माण कार्य अन्तिम चरणमा रहको छ ।
६. जिल्ला अदालत बझाङबाट न्यायिक समितिको कार्य सम्पादन निरिक्षण कार्य सम्पन्न भएको छ ।

ग) पूर्वाधार विकास

१. आर्थिक वर्ष २०८०।०८१ मा जम्मा १६१ वटा योजना रहेकोमा १३० वटा योजना उपभोक्ता मार्फत, १३ वटा टेण्डर मार्फत र १८ वटा सेवा मुलक मार्फत गरी केही सम्पन्न भइ सकेका छन र केही सम्पन्न हुने क्रममा रहेका छन ।
२. आर्थिक बर्ष २०८०।०८१ को जेष्ठ मसान्त सम्म सडक पूर्वाधार तर्फ ९५० मिटर कच्ची सडकको ट्रयाक खोल्ने कार्य सम्पन्न भएको छ । ग्राभेल तथा सडक स्तरोन्नोती २ किलोमिटरको कार्य सम्पन्न भएको छ, पक्की RCC सडक तथा पक्की हिड्ने वाटो ८०० मिटर निर्माण कार्य सम्पन्न भएको छ ।

३. सिंचाई  तथा खानेपानी आयोजना तर्फ कच्ची नहर १६० मिटर, पक्की सिंचाइ नहर ८६५ मिटर, स-साना खानेपानी योजना १५ वटा सम्पन्न भएका छन । ६ वटा घरधुरीमा एक घर एक धारा को योजना सम्पन्न भएको छ । १५ वटा सिंचाइ पोखरीको निर्माण कार्य सम्पन्न भएको छ ।

**भवन , पुल, जलश्रोत तथा शहरी विकास**

१. यस नगरपालिका अन्तर्गत सामुदयिक भवन १ वटा, सरकारी भवन १ वटा (वडा नं ५ को भवन) को  निर्माण कार्य सम्पन्न भएको छ ।

२. १ वटा झोलुङ्गेपुलको निर्माण कार्य सम्पन्न भएको छ ।

## उर्जा

१. उर्जा तर्फ सार्वजनिक सूचना आह्वान गरी कार्यालयलाई धान्ने ६२.५ किलोवाटको जेनेरेटर खरिद भइ संचालानमा रहेको छ ।

**घ) बन वातावरण तथा विपद ब्यवस्थापन**

१. विपद (आगलागी, बाढी, पहिरो, भुकम्प) मा परेका ब्यक्तिहरुलाई राहात तथा पुर्नस्थापनाका लागी  २७ जना लाई आर्थिक सहायता प्रदान गरिएको ।

२.  विपदमा परी ज्यान गुमाएका २ जनालाई राहात प्रदान गरिएको ।

३.  २०८०।६।१६ गतेको भुकम्पमा परेका ११ जना घाईतेहरुको उद्वारकार्य गरिएको ।

४.  भुकम्प वाट प्रभावित १४५० घरधुरीहरुका लागी अस्थायी आवास निर्माण गरिएको ।

५. भुकम्पवाट हुने क्षती न्यूनिकरणका लागी ८ वटा घरहरु प्रवलीकरण गरिएको

६. स्वयंसेवक परिचालन निर्देशिका २०८० तयार गरिएको ।

७. राहात मापदण्ड २०८० निर्माण गरिएको ।

८. आपतकालिन पुर्व तयारी तथा प्रतिकार्य योजना २०७९, अध्यावधिक गरिएको ।

९. आपतकालिन कार्य संचालन केन्द्र स्थापना तथा संचालन गरिएको ।

१०. नगर प्रहरीलाई अग्नि नियन्त्रण सम्बन्धी तालिम प्रदान गरिएको ।

**ङ) सुशासन तथा संस्थागत विकास**

१. स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA)  कार्यक्रम अन्तर्गत ६३.२५ प्रतिशत अंक प्राप्त गरी संस्थागत विकासमा जोड दिइएको ।

२. आर्थिक बर्ष २०८०।०८१ मा  ९ वटा कार्यविधिहरु, निर्माण गरिएका छन ।

३. स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम कार्यपालिकाको बैठक समयानुसार संचालन गर्ने गरेको ।

४. नगरपालिकाको नागरिक वडापत्र अद्यावधिक गरिएको ।

५. नगरपालिकाको आर्थिक कारोबार सुत्र प्रणालिको विधुतीय भुक्तानी (EFT) कार्य पूर्ण रुपमा कार्यान्वयन भएको

६. कर्मचारीहरुलाइ सेवाकालिन तालिम प्रदान गरिएको ।

समग्रमा सामाजिक, आर्थिक, पूर्वाधार, विपद व्यवस्थापन, शुसासन तथा संस्थागत विकास, लक्षित वर्गका लागि छुट्याइएको वजेट र शर्शत अनुदानमा प्राप्त रकम कार्यान्वयन भएको छ ।

**अध्यक्ष महोदय**

अव म आर्थिक वर्ष २०८१।०८२ को लक्ष्य, उद्धेश्य, र क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक बर्ष ०८१।०८२ को नीति तथा कार्यक्रम

**सोच:**

"समृद्ध जयपृथ्वी नगरपालिका निर्माणको मूल आधार दिगो कृषि, पर्यटन, ब्यापार र उत्थानशिल पूर्वाधार"

**लक्ष्य:**

नगरपालिकाको समष्टिगत विकासका लागि आर्थिक, सामाजिक, भौतिक र सांस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरणमैत्री, समाबेशी, न्यायपूर्ण तथा सुशासनयुक्त नगरपालिका निर्माण गर्ने ।

**उद्धेश्य**

१. स्वास्थ्य सेवा र शिक्षालाई गुणस्तरीय वनाइ स्वास्थ्य तथा शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने
२. कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण गरी स्वरोजगारी सृजना गर्ने ।
३. सवै प्रकारका रोग र विपदबाट नगरबासीहरुको जीबन रक्षा गर्दै स्थानीय जनजीवनलाई सहज र सुरक्षित बनाउने ।
४. उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गरी विकासको गतिलाइ निरन्तरता दिने ।
५. सार्वजनिक सेवालाइ प्रभावकारी वनाइ जनतालाई सुशासनको प्रत्याभुति दिने ।
६. लक्षित वर्गको क्षमता अभिवृद्धि गरी लैंगिक तथा सामाजिक समावेशिकरणको विकास गर्ने ।
७. वातावरण र जैविक विविधताको संरक्षण गर्दै विपद ब्यवस्थापन र जलबायु परिवर्तनका असरहरु न्यूनिकरण गर्ने ।
८. पर्यटन प्रवर्द्धन सहित रोजगारीमा वृद्धि गर्ने

**प्राथमिकरण**

१. शिक्षा, स्वास्थ्य र सरसफाइमा जोड
२. कृषि तथा पशुपालन क्षेत्रको विकास तथा व्यवसायीकरण
३. पूर्वाधार निर्माण
४. वनवातावरण तथा विपद व्यवस्थापन
५. प्रभावकारी सेवा प्रवाह र सुशासनमा जोड

**आधारहरु**

- ✓ २०७२ मा जारि भएको नेपालको संविधान,
- ✓ स्थानीय सरकार संचालन ऐन, २०७४
- ✓ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४
- ✓ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- ✓ आवधिक नगर विकास योजना, २०७९-२०८४
- ✓ स्थानीय सरकारवाट जारी भएका ऐन,नियमावली, कार्यविधि, निर्देशिकाहरु
- ✓ संघीय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु
- ✓ संघीय सरकारको आर्थिक बर्ष ०८१-०८२ को वजेट वक्तव्य
- ✓ सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक बर्ष ०८१/०८२ को वजेट वक्तव्य
- ✓ स्थानीय तहको वार्षिक योजना तथा वजेट दिग्दर्शन, २०७८
- ✓ पन्ध्रौ योजना
- ✓ दिगो विकासका लक्ष्य
- ✓ उपलब्ध स्रोत तथा साधनहरु
- ✓ विकासका सम्भावना र चुनौती विषयक गोष्ठीमा प्राप्त सुझाबहरु
- ✓ जनताका माग तथा आवश्यकताहरु

**दिर्घकालिन नीतिहरु**

- ✓ सिमित स्रोत र साधनको अधिकतम परिचालन गरी स्थानीय तहको सर्वाङ्गिण विकास गर्ने ।

- ✓ नगरपालिका क्षेत्र भित्र व्यवस्थित ल्याण्डफिल साइट, ब्यस्थित बसपार्क, सडक बत्ती,  खेलमैदान जस्ता क्षेत्रहरुको प्राथमिकताको आधारमा योजना बनाई कार्यान्वयनमा ल्याइने छ ।
- ✓ सम्पूर्ण महिला, दलित, जनजाती, अपांग, आदिवासी, अल्पसंख्यक लगायत पिछडिएको वर्गको सहभागितालाइ विकासको मुल प्रवाहमा समावेश गराउने ।
- ✓ नगरपालिका भित्रका सडकहरुलाई कालोपत्रे तथा स्तरोन्नतीका लागि आवश्यक पहल गरिने छ ।

**क्षेत्रगत नीतिहरु**

**१. आर्थिक विकास**

**क) कृषि तथा पशुपालन क्षेत्र**

१. हेफर इन्टरनेशनल नेपाल सँगको साझेदारीमा संचालित कृषि तथा पशुपंक्षी विकास कार्यक्रम लाई निरन्तरता दिइएको छ ।

२. आगामी आर्थिक बर्षमा उत्पादित कृषि उपजहरुको भण्डारण तथा सुरक्षाको लागि शित भण्डारणको उपयोग तथा संचालनमा प्राथमिकता दिइने छ ।

३. ब्यवसायिक कृषि,  उत्पादन र सेवा क्षेत्रमा वडाको विस्तृत सम्भाव्यता अध्ययन गरी तथ्यगत प्रतिवेदनको आधारमा हरेक वडाको वेग्ला वेग्लै पहिचान स्थापित हुने गरी पकेट क्षेत्र निर्धारण कार्यक्रमलाई अघि बढाइने छ । यसै कार्यक्रम मार्फत नगरवासीहरुमा स्वरोजगारीको अवसर सृजना गरिने छ ।

४. रासायनिक मलको प्रयोगलाई न्यायोचित गरी माटो परीक्षण तथा कृषि चुनको प्रयोग मार्फत माटोको उर्वरा शक्ति बढाउने नीति अवलम्बन गरिने छ ।

५. कृषकहरुलाई सहुलियतका लागि अनुदानमा उन्नत विउ उपलब्ध गराइने छ ।

६. निर्वाहमुखि कृषिलाई ब्यवसायिक कृषिमा रुपान्तरित गरी कृषिलाई उत्पादनको बिशेष श्रोतको रुपमा विकास गर्न "किसान सहयोग कार्यक्रम" संचालित गरिने छ ।

७. कृषि उत्पादनलाई प्रवर्द्धन प्रोत्साहन गर्न उत्कृष्ट किसान र कृषक समूहलाई सम्मान गरिने छ ।

८. स्थानीय रैथाने बालीको संरक्षण प्रवर्द्धन र क्षेत्र विस्तार कार्यक्रम संचालन गरिने छ ।

९. कृषक परिवार सूचिकरण तथा कृषक परिचय पत्र वितरण कार्यलाई कार्यान्वयन गरिने छ

१०. दुध उत्पादन बढाउन र नश्ल सुधारको लागि कृतिम गर्भाधन artificial insemination कार्यलाई बढि प्राथमिकता दिइनेछ ।

११. पशु वस्तुलाई उचित पौष्टिक आहारको साथै वन वातावरण र जलवायुको उचित संरक्षणका लागि बहुवर्षीय नेपियर अम्रिसो जस्ता घाँस खेतीमा प्राथमिकता दिइनेछ ।

१२. पशुहरुमा माहामारीको रुपमा फैलिएको लम्पी स्किन रोगको रोकथामको लागि आवश्यकता अनुसार खोपको व्यवस्था गरिने छ ।

१३. खोरेत रेविज जस्ता रोगको नियन्त्रणका लागि आवश्यकता अनुसार खोपको व्यवस्था गरिने छ ।

१४. लोप हुन लागेका स्थानीय गाइ, भैसी, खरी बाख्राको आनुवंशिक स्रोत स्थापना गरी जातीय संरक्षणमा टेवा पुर्‍याइने छ ।

१५. रेविज, खोरेत जस्ता रोगहरु नियन्त्रणको लागि खोपको आवश्यकता अनुसार व्यवस्था गरिने छ ।

१६. बजारमा अनावश्यक रुपमा छाडा छाडिएका गाई गोरुको व्यवस्थापन गर्न कान्जीहाउस निर्माणको लागि पहल गरिने छ ।

१७. आन्तरिक तथा वाह्य परजीवी नियन्त्रणका साथै अन्य रोग व्याधिका लागि कृषक वर्गलाई आवश्यकता अनुसार औषधीको व्यवस्था गरिने छ ।

१८. पशु सेवा शाखाबाट टाढा रहेका स्थानमा कृषक लाई सेवा दिनको लागि पशु स्वास्थ्य शिविर संचालन गरिने छ ।

१९. रेविज जस्ता महामारी रोग फैलिन नदिन छाडा तथा घरपालुवा कुकुरको वन्ध्याकरणमा विशेष जोड दिइने छ ।

२०. जेनेटिक रोग सम्बन्धी जानकारी लागि नगरपालिकाको प्रत्येक वडामा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

**ख) उद्योग, बाणिज्य तथा रोजगार**

२१. गरिवीको रेखामूनी रहेका घरपरिवारका लागि स्थानीय स्रोत साधन परिचालन गरी स्थानीय स्तरमा नै उद्यमसिलता विकास मार्फत रोजगारी सृजना गरिने छ ।

२२. बैदेशिक रोजगारीवाट फर्किएका वा स्वदेशमै वेरोजगार रहेका नागरिकहरुलाई मेडपा कार्यक्रम मार्फत सम्बोधन गरिने छ ।

२३. स्थानीय स्तरमा रहेका कच्चा पदार्थहरुको अध्ययन गरी सोही अनुसारको रोजगारमुलक कार्यक्रम संचालन गरिने छ ।

२४. ग्रामीण स्तरमा रहेका उद्यमीहरुलाई उद्यमशिलता तालिम प्रदान गरी सहभागितात्मक ग्रामीण लेखाजोखा PRA मार्फत सीप विकास तालिम प्रदान गरिने छ ।

२५. निर्वाहमुखी लघु उद्यमीहरुलाई व्यवसायी उद्यमीमा रुपान्तरण गरी विकास कार्यक्रम पश्चात आवश्यक प्रविधि हस्तान्तरण गरिने छ ।

२६. नगर क्षेत्रका लघु उद्यमीहरुले उत्पादन गरिएका बस्तुहरुको बजारीकरणका लागि आवश्यकताका आधारमा समन्वय र सहयोग गर्ने कार्यक्रम तय गरी कार्यान्वयनमा ल्याइने छ ।

२७. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१।०८२ मा बेरोजगार व्यक्तिको सुचीमा सुचिकृत हुन आवेदन दिने निवेदकको प्राथमिकताक्रम सूचिका आधारमा स्रोत अनुरुप न्यूनतम १०० दिनको रोजगारी श्रममूलक आयोजना सृजना गरी सामाजिक सुरक्षाको प्रत्यायुभूति दिदै विकासमा टेवा पुऱ्याइने छ ।

२८. पालिका भित्र रहेका रोजगारीका अवसरहरु खोजी गर्दै जव (Job) म्याचिङको लागि समन्वय कार्यलाई सुचारु गरिने छ ।

२९. संघीय सरकार सँगको साझेदारीमा सुरक्षित आप्रवासन कार्यक्रम संचालन गरी रोजगारी सृजना गर्दै सेवा प्रभाह गरिने छ ।

**ग) पर्यटन :**

३०. विशेष पर्यटकीय स्थलहरुको पहिचान गरी आवश्यक पूर्वाधार निर्माण कार्यको प्रतिवेदन तयारीलाई निरन्तरता दिइने छ ।

३१. पर्यटन क्षेत्रको विकासको लागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिने छ ।

३२. परम्परा देखि लाग्दै आएका ठुला मेलाहरुको संरक्षण तथा उचित व्यस्थापन गर्ने प्रवन्ध मिलाईने छ ।

**घ) सहकारी:**

३३. सहकारीको मुल्य मान्यता अनुरुप आपसमा सहकार्य तथा आयआर्जन गरी गरीवी न्यूनिकरण गर्न नगरपालिकाले आवश्यक नीति तथा कानून बनाउने कार्यलाई निरन्तरता दिइने छ ।

३४. महिला सहकारीलाई प्राथमिकता तथा निरन्तरता दिइनेछ ।

३५. सहकारीबाट प्राप्त ऋणलाई उत्पादन मुलक क्षेत्रमा लगानी गर्न सहकारीलाई प्रोत्साहित गरिनेछ ।

३६. बैंक तथा वित्तीय संस्थाहरुको समन्वय तथा साझेदारीमा डिजिटल साक्षरता कार्यक्रमलाई कार्यान्वयनमा ल्याइने छ

## २. सामाजिक विकास

**शिक्षा तर्फ**

३७.प्रारम्भिक बालशिक्षा सहजकर्ता तथा विद्यालय कर्मचारीहरूको मनोबल उच्च राख्न निर्धारण गरिएको न्युनतम पारिश्रमिकको लागि  नगरपालिकाबाट प्रदान गरिने अनुदानलाई निरन्तरता दिइएको छ।

३८.विद्यालयहरुमा वालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न वालमैत्री बसाइ व्यवस्थापनको लागि आवश्यक व्यवस्था गरिने छ ।

३९.आधारभूत तथा माध्यमिक तहका मुख्य विषयका शिक्षणमा देखिएका समस्या समाधानका लागि विषयगत शिक्षकहरूको छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

४०.जयपृथ्वी नगरपालिकाका भित्रका विद्यालय उमेर समुहका सबै बालवालिकाहरूलाई विद्यालयमा भर्ना हुने वातावरण कायम गरी गुणस्तरीय शिक्षा प्रदान गरिनेछ।

४१.विद्यार्थीको सिकाइ प्रभावकारी तुल्याउन सिकाइ आदान प्रदान तथा धुम्ति बैठकहरू  नियमित सञ्चालन गरिनेछन।

४२.विद्यार्थीहरूको शिक्षण सिकाइ क्रियाकलाप व्यवस्थित पार्न शैक्षिक क्यालेण्डर, शिक्षक डायरी तथा  पाठ्यक्रमले तोकेको विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गर्न विद्यार्थी अभिलेख पुस्तिकाको व्यवस्थापन गरिनेछ।

४३.विद्यार्थी भर्ना कार्यक्रमलाई प्रभावकारी बनाइ शिक्षामा अभिभावकहरूको संलग्नता अभिवृद्धि गरिनेछ।

४४.प्रस्तावित माध्यमिक विद्यालयहरूमा शैक्षिक सुधारकोलागि नगर शिक्षक अनुदानलाई निरन्तरता दिइएको छ ।

४५.शैक्षिक गुणस्तर अभिवृद्धिको लागि  प्रधानाध्यापक बैठक तथा छलफल कार्यक्रम आयोजना गर्नुको साथै अनुगमन, निरीक्षण तथा पेशागत सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

४६.सामुदायिक विद्यालयका शिक्षकहरूलाई पाठ्यक्रम प्रयोग सम्बन्धि तालिम तथा पुनताजकि तालिम सञ्चालन गरिनेछ।

४७.स्थानीय पाठ्यक्रममा आवश्यक परिमार्जन गरी स्थानीय पाठ्यक्रम पठन पाठनलाई व्यवस्थित गर्नको लागि स्थानीय पाठ्यक्रम श्रोत सामग्री निर्माण गरी कार्यान्वयन गरिनेछ।

४८.सामुदायिक सिकाइ केन्द्रहरूको परिचालन गरी अभिभावक साक्षरता शिक्षा र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

४९.आधारभूत तहका विद्यार्थीहरूको पठन सस्कृतिको विकासका लागि समुदाय स्तरमा पढाइ मेला कार्यक्रम सञ्चालन गरिनेछ।

५०.स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम व्यवस्थापन गर्न साझेदार संघ सस्थाहरूको सहकार्यमा थप व्यवस्थित गरिने छ ।

५१.विद्यार्थीको शिक्षण सिकाइ क्रियकलाप प्रभावकारी तुल्याउन प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ।

५२.सबै विद्यालयमा विद्यार्थी शिक्षकको अनुपात मिलाउन  विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यलाई निरन्तरता दिइने छ ।

५३.विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि स्वास्थ्यकर्मी तथा शिक्षकहरूको क्षमता अभिवृद्धि गरिनेछ।

५४.विद्यालयमा बालबालिकाको स्वास्थ्य परिक्षण, जुकाको औषधि तथा आइरन फोलिक एसिड चक्कि समयमै खुवाउने प्रबन्ध मिलाई स्वस्थ रहि शिक्षा पाउने अधिकार सुनिश्चित गरिनेछ।

५५.माध्यमिक विद्यालयहरूमा किशोरकिशोरी मैत्री सूचना केन्द्र स्थापना र सुदृढीकरण गरि किशोरकिशोरीहरुलाई जीवनउयोगी सिप प्रदान गरी सकारात्मक समाज निर्माणमा अग्रसर गराइने छ।

५६. एम.बि.बि एस छात्रबृत्ती कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

**युवा तथा खेलकुद**

**५७.** नगर खेलकुद विकास समितिलाई निरन्तरता दिइएको छ ।

५८. खेलकुद क्षेत्रको विकास गर्न नगरपालिकामा सुविधा सम्पन्न खेल मैदानको निर्माण को लागि आवश्यक पहल गरिनेछ।

५९. सम्भाव्यता अध्ययन गरिएको सत्यवादी मा.वि. भोपुरको खेलमैदान निर्माणको लागि आवश्यक पहल गरिने छ ।

**६०.** सवैका लागि खेलकुद अभियान अगाडी बढाईने छ ।

**स्वास्थ्य तर्फ**

६१. पुर्णखोप सुनिश्चितता वडा तथा नगरपलिकाको अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको हरेक वर्ष समिक्षा गरिनेछ । साथै नगरपालिका खोप दिवस मनाई तथा खोज र खोपको निति अवलम्बन गरी पुर्ण खोपको अवस्थालाई हरेकवर्ष सुनिश्चित रहेको घोषणा गरिनेछ ।

६२. जयपृथ्वी ९ नं वडाका नागरिकहरुलाई निशुल्क आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्न वडामा आधारभुत स्वास्थ्य सेवा केन्द स्थापना गरी सेवा संचालन गरिनेछ ।

६३. गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज पहुँच हुनेगरी प्रभावकारी सेवा उपलब्ध गराइनेछ । साथै ५ बर्ष मुनिका वालबालिकाहरुको पोषण स्थिति सुधार गर्न ६ /६ महिनामा *Vitamin A* र जुकाको औषधी खुवाईने छ र बिध्यालयका बालवालिकालाई ६/६ महिनामा जुकाको औषधी र किसोरीहरुलाई आईरन फोलिक एसिड चक्की खुवाईने कार्यलाई निरन्तरता दिइने छ ।

६४. यस वर्ष ५ वटा स्वास्थ्य संस्थालाई ५ वटै परिवार नियोजनको साधन मैत्री सेवा संचालन गरिनेछ।

६५. आमा र बच्चाको स्वास्थ्य सुधारका लागि पुर्व प्रसुती सेवा र उत्तर प्रशुती सेवा थप प्रभावकारी बनाउन स्वास्थ्यकर्मीहरु घरदैलोमा परिचालन गरिने छ । साथै आकस्मिक प्रसुति सेवालाई व्यवस्थित तथा थप जिम्वेवार बनाउन वर्थिङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेषण गर्नुपरेमा लाग्ने एम्वुलेन्स खर्च यस नगरपालिका बाट ब्यवस्था गरिनेछ।

६६. महिला सामुदायिक स्वास्थ्य स्वयंसेबिकाहरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ साथै मातृ तथा नवजात शिशु स्याहार कार्यक्रम अन्तर्गत मातृ र नवजात शिशु मृत्यु दर घटाउने उद्धेश्यका साथ सेवाग्राहीको खोजी गर्ने तथा सेवाग्राहीको निरन्तरताको लागि मेडिक मोवाईल कार्यक्रम संचालन गरिनेछ ।

६७. म.सा.स्वा. स्व. से. हरुको मासिक बैठकको यातायात खर्च वापत प्रति महिना रु ४०० का दरले प्रदान गरिने कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

६८. समयानुकुल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकार्य योजना बनाइ लागू गरिने छ ।

६९. क्षयरोगको नयाँ रोगी पता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परिक्षण शिविर संचालन गरिनेछ ।

७०. जेष्ठनागरिकहरु र फरक क्षमता भएका व्यक्तिहरुको स्वास्थ्य सेवाको अधिकार सुनिश्चित गर्न उनिहरुलाई लक्षित गरि प्रत्यक वडामा समय समयमा निःशुल्क स्वास्थ्य परिक्षण शिविर संचालन गरिनेछ र सो कार्यलाई निरन्तता दिइनेछ।

७१. स्वास्थ्य संस्थामा सेवा लिन आउने सेवाग्राहीहरुलाई निशुल्क औषधी उपचारको ब्यवस्था गरिनेछ

७२. मृगौला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर र मेरुदण्ड पक्षघातका बिरामिहरुलाई त्रैमासिक रुपमा मासिक पाँच हजार प्रदान गरिने सहुलियत कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

७३. स्वास्थ्य सेवालाई गुणस्तर, प्रभावकारी, सर्वसुलभ, सबैको पहुँचयोग्य बनाउन पालिकाको स्वास्थ्य नीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

७४. महिलाहरुको परिवार नियोजनाका साधनहरुको छनौट र निर्णय प्रकृयाको अधिकारलाई मध्यनगर गर्दै र परिवार नियोजनाको आपुर्ति माग अन्त्य गर्न सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा परिवार योजनाको ५ वटा साधन -कन्डम, पिल्स, तीन महिने सुइ, इम्पलान्ट, र आइ.यु.सी.डी) र सेवाको सुनिश्चिता गरिने छ ।

७५. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धित रोग र रुग्णताको पहिचान गर्नका लागि एकिकृत प्रजनन स्वास्थ्य शिविर संचालन गर्नु साथै उपचारका लागि प्रेषण सेवाको व्यवस्था मिलाईने छ ।

७६. अत्यावश्यक औषधीको माग, आपूर्ति, वितरण र मौज्दात दुरुस्त राख्न अनलाइन रेकर्डिङ र रिपोर्टिङ प्रणाली (E-LMIS) लाई सबै स्वास्थ्य संस्था संस्थाहरु र पालिकामा प्रभावकारी बनाइने छ ।

७७. नेपालसरकारले मातृमृत्युलाई दिगो विकास लक्ष्यको अन्त्यसम्म प्रति लाख जीवित जन्ममा ७० मा पुऱ्याउने लक्ष्यलाई सहयोग गर्न र मातृमृत्यु तथा नवजात शिशुको मृत्युलाई शुन्यमा झार्न पालिकालाई पूर्ण संस्थागत सुत्केरी घोषणाका लागि प्रसुती तथा सुत्केरी केन्द्रको विस्तार र सुढृढिकरणका साथै स्वास्थ्यकर्मीहरुलाई तालिम प्रदान गरिने छ । जटिल सुत्केरी/ प्रसुती निशुल्क प्रेषण सेवा संचालनका लागि छुट्टै कोष स्थापना गरिने छ ।

**पोषण तर्फ**

७८. सुनौला हजार दिनका आमालाई पशुपंक्षी पालन सम्बन्धी कुखुरा चल्ला वितरणका साथै एक घर एक करेसावारी उत्पादन गरिने छ ।

७९. पोषणमैत्री वडा घोषणा कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी वढाइने छ ।

८०. सुनौला हजार दिनका विपन्न महिलाहरुलाई आय आर्जनको लागि अनुदान वितरण गरिने छ ।

**खानेपानी सरसफाई तथा भू- उपयोग तर्फ**

८१. स्वच्छ खानेपानी, मुहान देखि मुख सम्म पिउने पानीको वातावरण सृजना गर्नको लागि एक घर एक धारा निर्माण गर्न आवश्यक पहल गरिने छ ।

८२. खानेपानी मुहान दर्ता प्रक्रियालाई निरन्तरता दिइने छ ।

८३. लामो समय देखि नगरपालिका क्षेत्रमा भोग्दै आएको स्वच्छ पिउने पानीको समस्यालाइ समाधान गर्न हर सम्भव प्रयास गरिने छ ।

८४. नगरपालिकाको मुटुको रुपमा रहेको चैनपुर बजारमा बग्ने पानीका नाला तथा ढलहरुलाइ थप ब्यवस्थित गरिनेछ ।

८५. सरसफाइ सम्बन्धी जनचेतना मुलक कार्यक्रम संचालनमा ल्याइने छ ।

८६. नगरपालिकाको WASH Plan बनाइ कार्यान्वयनमा ल्याइने छ ।

८७. भूउपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ बमोजिम यस जयपृथ्वी नगरपालिका क्षेत्र भित्र रहेको जग्गाको भू-बनोट, भूमीको क्षमता तथा उपयुक्तता, भूमीको मौजुदा उपयोग गर्न वनेको भू-उपयोग क्षेत्र वर्गिकरण लाई कार्यान्वयन गरिने छ र जग्गाको कित्ता काटलाई अगाडी वढाइने छ ।

८८. विभिन्न गैरसरकारी संघ संस्थाहरुसँग खानेपानी तथा सरसफाइ सम्बन्धी साझेदारी कार्यक्रम संचालन गरिने छ ।

**लैंगिक समानता र सामाजिक समावेशिकरण**

८९. महिला बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता दलित लक्षित कार्यक्रम संचालन गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ हानिकारक चलन अन्त्य गर्ने नीति, २०७८ र लैंगिक उत्तरदायी तथा महिला मैत्री बजेटलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

९०. लैंगिक तथा महिला हिंसा, बालबिवाह, छाउपडी प्रथा जस्ता सामाजिक तथा हानिकारक कुरीतिहरु प्रति शुन्य सहनशिलताको नीति अख्तियार गरी सबै वडा, बस्ती र गाउँ तहमा रुपान्तरण कार्यक्रमका साथै महिलाको लागि आर्थिक, सामाजिक सशक्तिकरण कार्यक्रम संचालन गरिने छ ।

९१. लैंगिक तथा महिला हिंसाबाट प्रभावितलाई उपचार, मनोसामाजिक परामर्श, खाना, बस्न, न्याय प्रक्रियामा सहयोग र पुनर्स्थापना गर्न महिला सुरक्षित आवाशगृह र अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्रको निरन्तर संचालन र व्यवस्थापनमा सहयोग गरिनेछ ।

९२. लैंगिक तथा महिला हिंसा अन्त्य गर्न ११ वटै वडाहरुमा सामुदायिक मनोसामाजिक कार्यकर्ताहरु निरन्तर परिचालन गरी हिंसा प्रभावितको प्रतिकार्यका लागि प्रभावितको पहिचान, प्राथमिक मनोसामाजिक सहायता, आवश्यक अन्य सेवाहरुका लागि प्रेषण गरी हिंसा प्रभावित महिलालाई सहयोग पुर्याईनेछ र लैंगिक तथा महिला हिंसा रोकथाम गर्न विवाहित दम्पति र उनका परिवारका सदस्यहरुलाइ लैंगिक मान्यता र व्यवहार परिवर्तन संवाद कार्यक्रम संचालन गरिनेछ ।

९३. महिला हिंसा प्रभावितका लागि न्याय, उपचार र राहत सहयोग गर्नका लागि महिला हिंसा निवारण कोषको संचालन र परिचालन लाई निरन्तरता दिइको छ ।

९४. महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाइ प्राथमिकतामा राखिनेछ।

९५. बालबिवाह अन्त्यका लागि नगर रणनैतिक कार्ययोजना २०८० तयार गरी कार्यान्वयन गर्दै यस नगरपालिकालाइ बालबिवाह अन्त्य गर्न बालबिवाह मुक्त टोल तथा वडा घोषणा गरिनेछ ।

९६. बालिका तथा किशोरीको क्षमता बिकास सशक्तिकरण र जीवनपयोगी सीपका लागि किशोरकिशोरी वित्तीयसीप रुपान्तरण कक्षा संचालन गरिने छ ।

९७. पालिकाका सवै वडाहरु बालमैत्री स्थानीय शासन लागु गर्दै क्रमश वडा हरुलाई वालमैत्री घोषणा गर्दै लगिने छ ।

९८. जेष्ठ नागरिकको अनुभवको उपयोग गर्दै उहाँहरुको मर्यादित जीवनका लागि परिचय पत्र वितरण अभियान तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिने छ ।

९९. जेष्ठ नागरिकहरुका लागि एकिकृत शिविर संचालन गरी स्वास्थ्य सेवाको पहुँचमा ल्याइने छ ।

१००. फरक क्षमता भएका व्यक्तिहरुको मर्यादित जीवनका लागि अभियान गरी अपाङ्गता भएका व्यक्तिको पहिचान गरी परिचय पत्र वितरण तथा भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री बनाइने छ ।

१०१. महिला विकास समिति गठन र कार्य संचालन कार्यविधि, कार्यान्वयनलाई निरन्तरता दिइएको छ ।

१०२. दलित विकास समिति गठन र कार्य संचालन कार्यविधि, कार्यान्वयनलाइ निरन्तरता दिइएको छ ।

**न्यायिक सम्पादन**

१०३. नगरवासीलालाई विभिन्न कार्यक्रम मार्फत प्रचलित ऐन, नियम तथा न्यायिक समितिको बारेमा जानकारी गराईने छ ।

१०४. मेलमिलापको माध्यमबाट विवादको प्रभावकारी निवारण गर्न मेलमिलापकर्ताको सक्रियतालाइ प्राथमिकता दिइने छ

१०५. न्यायिक समितिका सदस्य, सरोकारवाला कर्मचारीको क्षमता अभिबृद्धी गरी न्यायिक कार्य सम्पादनमा सुधार गरिने छ ।

१०६. मेलमिलापकेन्द्र सञ्चालन ऐन तथा कार्यविधी निर्माण गरी सोही बमोजिम सबै वडाका मेलमिलापकेन्द्र सञ्चालन गरिने छ ।

१०७. न्यायिक समिति सम्बन्धी अध्ययन अवलोकन भ्रमण मार्फत न्यायिक समितिलाइ सान्दर्भिक र प्रभावकारी बनाइने छ

१०८. न्यायिक समितिलाइ स्रोत साधन सम्पन्न बनाउने बिषयलाइ प्राथमिकतामा राखिने छ ।

## ३. पूर्वाधार विकास

**सडक, पुल तथा यातायात**

**१०८.** प्रत्येक वडाको केन्द्रलाई कालो पत्रे सडकसँग जोड्नको लागि प्रदेश तथा केन्द्र सरकारसँगको सहकार्यको अवधारणालाई अगाडी बढाइने छ ।

**१०९.** देवल काप्रा जनपा ६ हुदै धउनाउ सडक निर्माणमा रु ४८ लाख रकम विनियोजन गरेको छु ।

**११०.** यातायात गुरुयोजना निर्माणका लागि पहल गरिने छ ।

**१११.** बझाङ विमास्थल जाने सडक निर्माणमा रु ४८ लाख रकम विनियोजन गरेको छु ।

**११२.** नगरपालिकाको क्षेत्र भित्र रहेका सवै सडक खण्डहरुको क्रमिक रुपमा स्तरोन्नतीको कार्यलाई निरन्तरता दिइने छ ।

**११३.** संचालित सडकहरुमा आवश्यक पुलहरुको निर्माणका लागि संघ र प्रदेशसँग समवन्वय गरिने छ ।

**११४.** आवश्यकताको आधारमा सम्भाव्यता अध्ययन गरी झोलुङ्गे पुल निर्माण कार्यको लागि पहल गरिने छ ।

**११५.** ऐतिहासिक, धार्मिक , सांस्कृतिक तथा पर्यटकीय ठाउँहरुको प्रवर्द्धन गर्न पदमार्गहरुको निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

**११६.** नगरपालिकाका पूर्वाधारहरुमा लगानीका विभिन्न वित्तीय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाइने छ ।

**सिंचाइ/खानेपानी**

**११७.** खुड्युन पडेस सिंचाइ कुलोमा रु १ करोड ५० लाख विनियोजन गरेको छु ।

**११८.** सिंचाइका बैकल्पिक स्रोतहरुको विज्ञ सम्मिलित टोलीबाट सम्भाब्यता अध्ययन गर्न पहल गरिनेछ

**११९.** कृषि योग्य भुमीमा सिंचाइ, कुलो निर्माण तथा मर्मत संभार गरी कृषिको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न जोड दिइने छ ।

**१२०.** कृषि, सिंचाइ, गरिवी निवारण तथा पर्यटन प्रवर्द्धन सम्वन्धी पूर्वाधारको विकासमा साझेदारी कार्यक्रम संचालन गरिने छ ।

**१२१.** सिंचाइ व्यवस्थापन भएका खेतियोग्य जमिनहरुको वर्गिकरण गरी आवश्यक साना ठूला सिंचाइ कार्यक्रम संचालनको लागि पहल गरिनेछ ।

**१२२.** सिचाइ कुलो, लिफ्ट सिंचाइ आयोजना, थोपा सिंचाइ र प्लाष्टिक पोखरी निर्माणमार्फत सिंचाइ कार्यलाइ व्यवस्थित गरिने छ ।

**१२३.** वडा नं २ अन्तर्गत रहेको मड खानेपानी निर्माण गर्न रु ४७ लाख ५० हजार विनियोजन गरेको छु ।

**भवन तथा सहरी विकास**

**१२४.** सुरक्षित आवासको लागि नीजि तथा सार्वजनिक भवन निर्माण गर्न भवन आचार संहिता लागु गरिनेछ ।

**१२५.** आगामी ३ बर्ष भित्र खरको छानालाई जस्ताले छाई खरको छाना मुक्त नगरपालिका घोषणा गरिनेछ ।

**१२६.** जनता आवास अन्तर्गत प्रदेश सरकारको सहयोगमा घरवार विहिनलाई घर वनाउने कार्यक्रमलाइ निरन्तरता दिइएको छ ।

**१२७.** घरनक्सा पास तथा अभिलेखिकरणको कार्यलाई कडाइका साथ कार्यान्वयन गरिने छ ।

**उर्जा**

१२८. विधुत र वैकल्पिक उर्जा नपुगेको घरपरिवारको तथ्यांक संकलन गरी स-साना सौर्य उर्जको ब्यवस्था गरिने छ ।

१२९. विधुत नपुगेको वस्ती र घरहरुमा विधुतिकरणको लागि आवश्यक पहल गरिने छ ।

१३०. वैकल्पिक उर्जा सम्वन्धी काम गर्ने गैरसरकारी संघ संस्थाको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

१३१. सडक वत्ती विकास कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१३२. सिंचाइ तथा खानेपानीको पहुँच पुऱ्याउन सम्भावना नभएका क्षेत्रहरुमा सौर्य उर्जाको प्रयोग गरी लिप्ट खानेपानी संचालनको लागि पहल गरिनेछ ।

१३३. जलविधुत, बैकल्पिक उर्जाको अधिकतम प्रयोग गरी दैनिक जिवनयापनमा सहजता ल्याउँदै परम्परागत इन्धनको प्रयोग क्रमश: घटाइने छ ।

**संचार**

**१३४.** गुणस्तरीय इन्टरनेट सेवालाइ सवै वडा कार्यालयहरु सम्म पुर्याउनको लागि आवश्यक पहल गरिने छ ।

**१३५.** जिल्ला भित्र संचालित सामुदायिक रेडियोको स्तर वृद्धिका लागि आवश्यक सहयोग गरिने छ ।

**१३६.** सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षणलाई सरोकारवालाको सक्रिय सहभागितामा थप ब्यवस्थित गरिदै लगिने छ ।

## ४. वन वातावरण तथा विपद व्यवस्थापन

**बन तथा बातावरण तर्फ**

१३७. जयपृथ्वी नगरपालिकालाई वातावरणीयमैत्री नगरको रुपमा विकास गरिदै लगिने छ ।

१३८. बन तथा वातावरणको महत्व सम्बन्धी जनचेतना मुलक कार्यक्रम संचालनमा ल्याइने छ ।

१३९. सामुदायिक वनहरुको लगत संकलन गरी सामुदायिक वनवाट हुने आम्दानीलाई बन प्रवर्द्धनमा खर्च गर्न प्रेरित गरिने छ ।

१४०. हरियाली प्रवर्द्धन गर्ने तथा प्राकृतिक सुन्दरता कायम गर्ने कार्यलाइ प्राथमिकता दिइने छ ।

१४१. वृक्षारोपण, तट्वन्धन, नदी नियन्त्रण तथा जलवायु अनुकुलनका कार्यक्रमहरु संचालन गरिने छ ।

१४२. वाढीपहिरो भु-क्षय तथा महत्वपूर्ण जडीवुटीको संरक्षण गर्न छाडा चरन, जथाभावी फडानी, वन अतिक्रमण जस्ता क्रियाकलापहरु रोकी वनजंगल संरक्षण र सम्वर्द्धन गर्न वनजंगलको घेरवार तथा संरक्षण गर्दै लगिने छ ।

१४३. असुरक्षित र अव्यवस्थित वस्तीहरुको पहिचान गरी सुरक्षित स्थानमा स्तानान्तरण र व्यवस्थापन गर्न पहल गरिनेछ ।

१४४. हरेक वस्तीमा फोहरमैलाको उचित व्यवस्थापन गर्ने कार्यमा जोड दिइने छ ।

१४५. पानीका मुहानहरुको अभिलेख राखि स्रोतको दिगो संरक्षण गरिने छ ।

१४६. बन जन्य उद्योगको विकास र ब्यवसायिकरणका लागि स्थानीय नीजि क्षेत्रलाई प्रोत्साहन गरिने छ

**सरफाइ व्यवस्थापन**

१४७. नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०८० लाई कार्यान्वयमा ल्याइने छ ।

१४८. ल्यान्डफिल साइड निर्माणको लागि सरोकारवालाहरु सँग आवश्यक छलफल तथा समन्वय गरी निर्माण कार्यलाई यसै आर्थिक वर्षमा अगाडी वढाइने छ ।

१४९. बजार क्षेत्रको सरसफाइलाई विशेष जोडका साथै ढलहरुलाई सुधार गर्दै लगिने र फोहर एक ठाउँमा जम्मा गर्न डस्टवीनको व्यवस्था गरिने छ ।

१५०. पूर्ण सरसफाई र फोहोरमैला व्यवस्थापर्नेकार्यमा संलग्न साझेदार संस्थाहरुसँग साझेदारी गरिनेछ.

१५१. फोहोरमैला व्यवस्थापन र पूर्णसरसफाइ अभियानका लागि सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

**विपद ब्यस्थापन**

१५२. विपद जोखिम न्यूनिकरण व्यवस्थापन ऐन,२०७४ अनुसार पालिकामा महामारी, प्रकोप र आकास्मिक विपदको पूर्व तयारी योजना, व्यस्थापन तथा प्रतिकार्य योजना सहित अति आवश्यक सेवा उद्धार सयन्त्र र पूनर्स्थापनाको व्यवस्था मिलाईनेछ साथै विपद प्रभावित गर्भवती, सुत्केरी महिला, किशोरी, अपांगता भएका, जेष्ठ नागरिकको संरक्षण र न्यूनतम आवश्यक सेवाहरु प्रदान गरिने छ ।

१५३. जयपृथ्वी नगरपालिका भित्र विपद ब्यवस्थापनको क्षेत्रमा काम गर्ने संघ-संस्थाहरु सँग साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

१५४. जयपृथ्वी नगरपालिकाले हाल सम्म विपद ब्यवस्थापन क्षेत्रमा वनाएका ऐन, निर्देशिका, कार्यविधि र मापडण्डहरुलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याइने छ ।

१५५. विपद जोखिम पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धी स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रम संचालनमा ल्याइने छ ।

१५६. विपद जोखिम क्षेत्र र वस्तीहरुमा संकटासन्नताको पहिचान र नंक्सांकन कार्यलाई निरन्तरता दिइने छ ।

१५७. विपदमा परेका मानिसहरुलाई तत्काल खोजी कार्य गरि राहात र पुनस्थापनाको ब्यवस्था मिलाईने छ ।

१५८. विपदमा परेका ब्यक्तिहरुलाई छिटो छरितो सेवा प्रवाहका लागी जनताको पहुचमा रहने गरी आपतकालिन कार्यसंचालन केन्द्र खुला रहने ब्यवस्था मिलाईनेछ ।

१५९. आगलागी बाढी पहिरो नियन्त्रण रोकथामका लागी समुदायमा सचेतनामुलक कार्यक्रम संचालन गरिने छ।

१६०. भुकम्पिय पुर्वतयारी तथा प्रतिकार्यका लागी बिद्यालय र समुदायमा जनचेतना मुलक कार्यक्रमहरुको आयोजना गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास

१५७. यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) प्रतिवेदनलाई कार्यान्वयनमा ल्याइने छ ।

१५८. नगरपालिकामा लागु भएका सम्पूर्ण दातृ निकाय तथा राष्ट्रिय, अन्तराष्ट्रिय गैरसरकारी संघ-संस्थाहरुसँग विकासका लागि आवश्यक समन्वय र सहकार्य गर्ने नीति लिइएको छ ।

१५९. सेवामैत्री संरचना तथा सेवाग्राहीमैत्री व्यवहारमार्फत गुणस्तरीय सेवा प्रवाहलाइ मुल मन्त्रका रुपमा अवलम्वन गरिनेछ ।

१६०. स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणालीमा भएको ब्यवस्थालाई कार्यान्वयन गरिने छ । साथै नगरपालिकाबाट सम्पादन गरिने कार्यहरु मितव्यी, प्रभावकारी, नियमित र कार्यदक्षता पूर्ण रुपमा सम्पादन गरिने छ ।

१६१. सार्वजनिक सेवा प्रवाहमा विधुतिय प्रविधिको अवलम्वन गरी छिटो, छरितो, प्रभावकारी र पारदर्शी सेवा दिइनेछ ।

१६२. कर्मचारी तथा जनप्रतिनीधिहरुको क्षमता विकासका लागि विभिन्न किसिमका क्षमता विकास क्रियाकलाप संचालन गरिने छ ।

१६३. सामाजिक परिक्षण र अनुगमन कार्यलाइ प्रभावकारी वनाइने छ ।

१६४. जनगुनासो सम्बन्धी सुझाव तथा प्रतिक्रियालाई सिघ्र सुनुवाइ गर्ने संयन्त्रको विकास गरी जनउत्तरदायी सरकार संचालनको प्रत्यायुभुति गराइने छ ।

१६५. आन्तरिक राजश्व संकलन कार्यलाई सहजता प्रदान गर्न नवितम प्रविधिको प्रयोग गरिने छ ।

१६६. करको क्षेत्र बृद्धि गर्न अध्ययन, अनुसन्धान तथा छलफल अगाडी वढाइने छ ।

१६७. आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी कार्यान्वयन गरिने छ ।

१६८. प्रत्येक आर्थिक वर्षमा बार्षिक खरिद योजना निर्माण गरी कार्यालयबाट हुने सम्पूर्ण खरिद प्रक्रियालाई ब्यवस्थित गरिने छ ।

१६९. वेरुजु कम गर्नका लागि विधि प्रकृया र गुणस्तरीयतामा विशेष जोड दिदै शून्य बेरुजुको अवधारणा लाई प्राथमिकता दिइने छ । साथै वेरुजु फछ्यौंट कार्ययोजना बनाइ गत विगतको बेरुजु नियमित तथा फछ्यौंटका लागि पहल गरिने छ ।

१७०. गठन भएका समितिलाई सक्रिय बनाइ कार्यान्वयनमा विशेष जोड दिइने छ । बेरुजुको विषयमा सार्वजनिक लेखा समितिमा छलफल गरी बेरुजु फछ्यौंटको लागि आवश्यक पहल गरिने छ ।

१७१. नगरपालिकाले गरेका विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कामको मूल्यांकनका लागि स्वमूल्यांकन तथा तेस्रो पक्षवाट मूल्यांकन गरी विकास र सेवा प्रवाहलाइ प्रभावकारी वनाइने छ,

१७२. ठेक्का पट्टाको कार्यलाइ सहज, पारदर्शी, र प्रभावकारी बनाउन इ-विडिङको प्रयोगलाई निरन्तरता दिइनेछ ।

१७३. रु ३ लाख भन्दा वढीका आयोजना , कार्यक्रम कार्यान्वयन गर्दा स्पस्ट रुपमा देखिने गरि सूचना पाटी राख्ने व्यवस्थालाइ कडाइका साथ लागु गरिने छ ।

१७४. नगरपालिकाको आन्तरिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र सहभागिता मुलक वनाइदै स्थानीय तहवाट प्रदान गरिने सेवा सुविधामा जनताको समान, सरल र सहज पहुँच सुनिश्चित हुने गरी सुशासनको प्रत्याभुति गराइने छ ।

१७५. जयपृथ्वी नगरपालिका भित्र संचालन भएका र हुने होटेल, रेष्टुरेन्ट लगायतका सवै प्रकारका ब्यवसायहरुले अनिवार्य रुपमा आफ्नो व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरी उपभोक्ता मुल्य सूची अनिवार्य रुपमा राख्न लगाइ उपभोक्ताहरुको हित संरक्षण गर्ने नीति लिइएको छ ।

१७६. उपभोक्ता मुल्य सूची नराखि विक्रि वितरण गर्ने कार्यलाइ निरुत्साहित गर्दै लगिने छ र वजार अनुगमनको कार्यलाइ नियमित गरिने छ ।

१७७. जनताको गुनासोलाई सिघ्र सम्बोधन गर्न राखिएको टोल फ्रि नम्बरको पूर्णरुपमा कार्यान्वयन गरिने छ ।

१७८. यस नगरपालिकामा अस्थायी प्रकृतिका कर्मचारीहरुको म्याद थप गर्ने र करारमा कार्यरत कर्मचारीहरुको कार्यदक्षता, लगनशिलता र क्रियाशिलताको मूल्यांकन गर्दै आवश्यकताका आधारमा सेवा करार थप गर्ने र संचयकोष कट्टी हुने कर्मचारीको संचयकोष कट्टीमा निरन्तरता दिइएको छ ।

१७९. नगरपालिका भित्र स्रोतको पहिचान गरी नगरपालिकावाट लिइने कर, राजस्व, शुल्क आदिलाई व्यवस्थित र नियमन गरिने छ ।

१८०. नगरपालिकाको ढुंगा, गिट्टी, बालुवा संकलन गर्न तयार भएको IEE (वातावरणीय प्रभाव मूल्यांकन) अनुसार आगामि आर्थिक बर्षमा राजश्व संकलन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

१८१. घरबहाल कर असुलीको लागि नीति, निर्देशिका बनाइ क्रमश कार्यान्वन गर्दै लगिने छ ।

**अध्यक्ष महोदय,**

यस नगरपालिकाको आगामी आर्थिक बर्ष २०८१।०८२ को लागि आन्तरिक स्रोतका करका दरहरु लाई यथावत नै राखि रु १ करोड १६ लाख ६५ हजार र संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ समेतको आधारमा रु ५९ करोड ७६ लाख ४१ हजार गरी जम्मा ६० करोड ९३ लाख ६ हजार को आर्थिक पेश गर्ने अनुमति चाहन्छु ।

- जस अन्तर्गत राजश्व बाँडफाड तर्फ : केन्द्र सरकारबाट रु ९ करोड ९६ लाख , प्रदेश सरकारबाट २२ लाख ७५ हजार गरी जम्मा १० करोड १८ लाख ७५ हजार प्रस्तावित गरिएको छ ।
- नेपाल सरकार अनुदान तर्फ : वित्तिय समानिकरण अनुदान अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनुदान रु १२ करोड ३४ लाख र प्रदेश सरकार बाट १ करोड १५ लाख २३ हजार गरी जम्मा १३ करोड ४९ लाख २३ हजार प्रस्तावित गरिएको छ ।
- सर्शत अनुदान तर्फ : नेपाल सरकारबाट प्राप्त चालु रु २८ करोड ६६ लाख ८३ हजार, नेपाल सरकार पूजिगत रु १ करोड २२ लाख र प्रदेश सरकारबाट चालु ३० लाख ३० हजार, पुजिगत रु ९३ लाख गरी जम्मा ३१ करोड १२ लाख १३ हजार प्रस्तावित गरिएको छ ।
- सम्पुरक अनुदान तर्फ : नेपाल सरकारवाट रु ७५ लाख र प्रदेश सरकारवाट रु ७३ लाख ३० हजार प्राप्त भइ जम्मा १ करोड ४८ लाख ३० हजार प्रस्तावित गरिएको छ ।
- विशेष अनुदान तर्फ : नेपाल सरकारवाट रु ३ करोड र प्रदेश सरकारबाट ४८ लाख गरी जम्मा ३ करोड ४८ लाख बजेट प्रस्तावित गरिएको छ ।
- नगरपालिका आन्तरिक आम्दानी तर्फ रु १ करोड १६ लाख ६५ हजार प्रस्तावित गरिएको छ ।

समानिकरण अनुदानबाट वडाहरुलाई ३ करोड १४ लाख ३२ हजार, पशुसेवा तर्फ ११ लाख, कृषि तर्फ रु ३० लाख, शिक्षा तर्फ रु १ करोड ७७ लाख ३४ हजार, महिला वालवालिका तथा जेष्ठनागरिक तर्फ रु १५ लाख, स्वास्थ्य तर्फ रु

८१ लाख ९ हजार, न्यायिक सम्पादन तर्फ रु १५ लाख ५९ हजार २ सय साठी र रोजगार सेवाकेन्द्र तर्फ रु २ लाख ८५ हजार विनियोजन गरेको छु ।

आर्थिक विधेयक र बिनयोजन विधेयक सँग संलग्न राखिएका अनुसूचीहरुको गहन अध्ययन, छलफल गरी अमूल्य राय सुझाब आउने अपेक्षा राखेकोछु ।

**अध्यक्ष महोदय,**

यस १४ औं नगरसभामा बजेट तर्जुमाको दौरानमा अमुल्य सहयोग गर्नुहुने सम्पूर्ण टोल बासीहरु, वडा अध्यक्ष लगायत पदाधिकारी ज्यूहरु, विभिन्न समितिका सदस्य ज्यूहरु, विषय क्षेत्रगत समितिका सदस्य ज्यूहरु, कार्यपालिकाका पदाधिकारी ज्यूहरु र सम्पूर्ण कर्मचारीहरु, दातृ निकाय,नागरिक समाज, पत्रकार लगायत नीति कार्यक्रम तथा बजेट निर्माणमा मार्गदर्शन गर्नुहुने नगरप्रमुख ज्यूलाई हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु । साथै यो नीति कार्यक्रम तथा बजेट कार्यान्वयनमा सहयोग र समन्वयको अपेक्षा गर्दै हाम्रो नगरपालिकाले आर्थिक समृद्धि हासिल गरी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तनको अपेक्षा समेत गर्न चाहन्छु ।

धन्यवाद।

रतन बहादुर सिंह
नगर उप-प्रमुख
जयपृथ्वी नगरपालिका बझाङ